## पाल्पा जिल्लाको आर्यभन्ज्याङ्गमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक बाख्रापालन तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाको शाखा कार्यालय आर्यभन्ज्याङ्गको कार्यक्षेत्रमा पर्ने बगनासकाली रम्भा, माथागढी र पूर्वखोला गाउँपालीकाका गरी ३३ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ पौष ०४ गतेदेखि ०६ गतेसम्म पाल्पा जिल्लाको आर्यभन्ज्याङ्गमा **"ब्यवसायिक बाख्रापालन तालिम"** सम्पन्न गरेको संस्थाका आर्यभन्ज्याङ्ग कार्यालयका शाखा प्रमुख श्री कृष्ण कान्त अधिकारीले जानकारी गराएका थिए। यस तालिममा बगनासकाली गाउपालिका वडा न. ३ का वडा अध्यक्ष श्री टिका बहादुर थापाले पानसमा वत्ती बालेर समुद्घाटन गर्नु भएको थियो। उक्त उद्घाटन मन्तब्यमा निर्धन संस्थाले विपन्न वर्गमा गई गरेको सेवा राम्रो रहेको बताउदै अझबढि प्रभावकारी रुपमा आफ्नो सेवा बिस्तार गर्न र यस तालिमबाट ग्राहक सदस्यहरुले बढि भन्दा बढि फाईदा लिनुहुन र तपाईहरुलाई के सेवा चाहिन्छ आफुले वडा कार्यलयबाट सक्दो सहयोग गर्ने बताउनु भयो। प्रशिक्षकहरु डा.चन्द्र बहादुर राना, श्री युवराज ज्ञवाली, शाखा प्रमुख श्री

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

कृष्ण कान्त अधिकारी तथा क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपाने रहेका थिए भने उक्त उद्घाटन शेशनको संचालन शाखाका लेखापाल गोपाल शर्माले गरेका थिए ।



उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरिरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको र तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको क्षेत्रीय कार्यालय भैरहवाका क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपानेले बताएका थिए । आर्यभन्ज्याङ्ग शाखाका प्रमुख श्री कृष्ण कान्त अधिकारीले उक्त उद्घाटन शेशनको सभापतित्व गर्नु भएको थियो ।

क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपानेले निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ। संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता व्यवसायिक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अति दुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.

ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।

व्यवसायिक बाखापालन तालिममा नेपालमा पालिएका स्थानीय र उन्नत जातको बाखाहरुको उत्पादन क्षमता र बिशेषता, व्यवसायीक बाखापालनको लागि खोर व्यवस्थापन र यसको साथै सरसफाई, ब्याउने ब्याएको, थारा बाखा र बच्चाहरुको व्यवस्थापन, बिभिन्न अवस्थाका बाखाहरुलाई आहारा ब्यस्थापन, बाखाका लागि प्रजनन् व्यवस्थापन तथा प्रजनन्को लागि उपयुक्त छनौट, जन्मेदेखि दुध छुटाउने अवस्थासम्मको पाठापाठी हेरचाह, बाखामा लाग्ने परजीवीबारे जानकारी रोकथाम र उपचार, बाखामा लाग्ने जिवाणु, जिवाणुजन्य रोगको जानकारी रोकथाम र उपचार, बाखामा लाग्ने बिषाणुजन्य रोगको जानकारी रोकथाम र उपचार, बजार व्यवस्थापन, बाखापालनको स्किम, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरु आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने आर्यभञ्ज्याङ्ग शाखाका शाखा प्रमुख श्री कृष्ण कान्त अधिकारीले बताएका थिए । व्यवसायिक रुपमा बाखा पालन गरीरहेका र अझबढि पाल्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गरी व्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री शम्भु न्यौपानेले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु श्री पेमा कुमारी थापा र श्री बुद्धिसरा विकले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा बाखापालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाइ व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने छौ र हामीहरु सबैले पेश गरेको कार्य योजना अनुसार सबैले एक एक नया सुधार गर्ने छौ भन्ने प्रतिबद्धता पेष गरी कार्यक्रम समापन गरीएको थियो ।

संस्थाले २०७६ कार्तिक मसान्त सम्ममा ३ लाख ६६ हजार ५४० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७६ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब २४ करोड रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब ७७ करोड बचत परिचालन गरेको छ ।





Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 